# 'नबिल ब्यालेन्स फण्ड-१' लाई धितोपत्र बोर्डको अनुमति

फागुन १७, काठमाडौं (अस) । नबिल बैङ्कको सहायक कम्पनी नबिल इन्भेष्टमेण्ट बैङ्किङ लिमिटेडले आफ्नो सामूहिक लगानी कोषअन्तर्गत पहिलो योजना ल्याउने भएको छ । 'नबिल ब्यालेन्स फण्ड-१' को नामबाट सञ्चालनमा ल्याउन लागिएको यो योजनाका लागि धितोपत्र बोर्डले अनुमति दिइसकेको छ । बोर्डका निर्देशक निरज गिरिले भने, 'हामीले यसका लागि अनुमति दिइसकेका छौं ।' नबिल इन्भेष्टका प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुलीले चाँडोमा दुई सातामै यो योजनाका एकाइ बिक्री खुला गर्ने जानकारी दिए । नबिलको योजना सञ्चालनसँगै निजीक्षेत्रका दुईओटा सामूहिक लगानी कोष सञ्चालनमा रहनेछन् । सिद्धार्थ सामूहिक लगानी कोषले पनि उसको पहिलो लगानी वृद्धि योजना सञ्चालन गरिरहेको छ ।

नबिलले ल्याउन लागेको यो योजनाको आकार रू. ६० करोडको हुने पराजुलीले बताए । उनले भने, 'अधिक माग भएमा हामी यसको आकार बढाएर नियमअनुसार रू. ७५ करोडसम्म पुऱ्याउने छौं ।' ५ वर्षे अवधिको यो बन्दमुखी योजनाको योजना व्यवस्थापक र बिक्री प्रबन्धक दुवै नबिल इभेष्ट रहनेछ । प्रतिएकाइ

## नबिल सामूहिक लगानी कोष

रू. १० रहने यो योजानमा १ सय देखि ६० लाख एकाइका लागि आवेदन दिन सकिन्छ । योजनाले पहिलो वर्ष १० प्रतिशत प्रतिफल दिने प्रक्षेपण गरेको छ भने वार्षिक रूपमा यस्तो प्रतिफल बृद्धि हुन सक्ने पनि जनाएको छ । योजनाको ४० देखि ७५ प्रतिशत धितोपत्र बजारमा लगानी हुने र २५ देखि ६० प्रतिशत ऋणपत्रलगायतका क्षेत्रमा लगानी हुने भएकाले पनि यसलाई ब्यालेन्स फण्ड नामकरण गरिएको हो ।

सामूहिक लगानी कोष नियमावली २०६७ अनुसार सामूहिक लगानी कोषका योजना व्यवस्थापकहरूले कोषको व्यवस्थापन गरेबापत खुद सम्पत्ति मूल्यको बढीमा २ प्रतिशत शुल्क लिन सक्ने प्रावधान छ । नबिल इन्भेष्टले भने यस्तो शुल्क आफ्नो कार्यसम्पादनअनुसार १ दशमलव ५ देखि २ प्रतिशतसम्म लिने जनाएको छ । पराजुलीले भने, 'हामीले यस्तो शुल्क परफरमेन्समा आधारित रहेर लिन लागेका छौं, सामूहिक लगानी कोषले राम्रो काम गरेन भने पनि लगानीकर्ताले किन बढी रकम तिर्ने भन्ने विचार गरेर यस्तो अवधारणा ल्याएका हौं ।' यो योजनामा यदि लगानीकर्ताले वार्षिक खुद सम्पत्ति मूल्यको १० प्रतिशतभन्दा कम प्रतिफल पाएमा यस्तो शुल्क १ दशमलव ५ रहनेछ भने १० वा १० भन्दा माथि रहेमा २ प्रतिशत हुनेछ । योजना व्यवस्थापक तथा प्रवर्द्धक बैङ्कले पनि आफ्नो पहिलो योजनामा २० प्रतिशत बीज पूँजीका रूपमा राख्नुपर्ने हुन्छ । नबिल बैङ्क नबिल इन्भेष्टले सञ्चालन गरेको सामूहिक लगानी कोषको प्रवर्द्धकका रूपमा रहेको छ ।